# हलेसी तुवाचुङ नगरपालिका

दुर्छिम, खोटाङ

कोशी प्रदेश

नेपाल

स्थानीय राजपत्र

खण्डः ७ संख्याः १ मितिः २०८१/०४/२२

## भाग-२

# हलेसी तुवाचुङ नगरपालिकाको धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा व्यवस्थापन ऐन, २०८०

# हलेसी तुवाचुङ नगरपालिकाको धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा व्यवस्थापन ऐन, २०८१

**प्रस्तावनाः**

हलेसी तुवाचुङ नगरपालिकामा अवस्थित हलेसी तुवाचुङको क्षेत्र निर्धारण गरि सो क्षेत्र भित्रको जैविक विविधताको संरक्षण गर्दै हलेसी तुवाचुङ न.पा. भित्र रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रको सुव्यवस्थापन गर्न आवश्यक भएकोले नेपालको संविधान धारा २२१, धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (१), (२) व (१२) (१८), दफा १४, दफा ९७ (१) (ग) दफा १०२ को आधारमा ऐ. ऐनको दफा २०, दफा २१ प्रकृया अवलम्बन गरि हलेसी तुवाचुङ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "हलेसी तुवाचुङ संरक्षण तथा व्यवस्थापन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन हलेसी तुवाचुङ नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "नगर प्रमुख " भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको नगर प्रमुख  सम्झनु पर्छ ।

(ख) "उप-प्रमुख" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको उप- प्रमुखलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले हलेसी तुवाचुङ नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) "नगर सभा" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) "वडा प्रमुख " भन्नाले हलेसी तुवाचुङ नगरपालिका भित्रको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले "हलेसी तुवाचुङधार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा व्यवस्थापन समिति" सम्झनु पर्छ।

(छ) "संयोजक" भन्नाले हलेसी तुवाचुङ धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा व्यवस्थापन समितिको संयोजक सम्झनु पर्छ।

(ज) "सचिव" भन्नाले हलेसी तुवाचुङधार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा व्यवस्थापन समितिको सचिव सम्झनु पर्छ ।

(झ) "कोषाध्यक्ष" भन्नाले हलेसी तुवाचुङधार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा व्यवस्थापन समितिको कोषाध्यक्ष सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले हलेसी तुवाचुङ धार्मिक तथा पर्यटकीय क्षेत्रसंरक्षण तथा व्यवस्थापन समितिको सदस्यलाई सम्झनु पर्छ ।

(ट) "पदाधिकारी" भन्नाले हलेसी तुवाचुङधार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा व्यवस्थापन समितिको संयोजक, सचिव र कोषाध्यक्ष सम्झनु पर्छ ।

(ठ) "पुजारी" भन्नाले हलेसी तुवाचुङभित्र रहेका  मन्दिरहरुको मूल र सहायक पुजारी सम्झनु पर्छ।

(ड) "कर्मचारी" भन्नाले हलेसी तुवाचुङधार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा व्यवस्थापन समितिको कर्मचारी सम्झनुपर्छ ।

(ढ) "हलेसी तुवाचुङ " भन्नाले खोटाङ जिल्ला हलेसी तुवाचुङ नगरपालिका अन्तरगतको वडा नं. १ देखी वडा नं. ११ भित्रको क्षेत्र तथा हलेसी तुवाचुङ नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरि तोकिएको अन्य क्षेत्रहरु सम्झनुपर्छ ।

(ण) "संरक्षक" भन्नाले हलेसी तुवाचुङधार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा व्यवस्थापन समितिको संरक्षक सम्झनुपर्छ ।

## परिच्छेद-२
## समितिको उद्देश्य

**३. हलेसी तुवाचुङ नगरपालिकाको स्वीकृत नीति अन्तरगत रहि समितिको उद्देश्य देहाय बमोजिम हुनेछः**

क. हलेसी तुवाचुङ नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रर्वद्धन गर्ने।

ख. हलेसी तुवाचुङको आदर्श, महिमा एवं महत्व अनुरुप हलेसी तुवाचुङ नगरपालिकाको योजनावद्ध रुपमा सुरक्षा, संभार तथा विकास गर्ने।

ग. हलेसी तुवाचुङको प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तुहरु तथा ताल, कुवा, पोखरी, धारा, चौतारा, फलैचा लगायत तथा प्राकृतिक सम्पदाको रेखदेख, संभार, संरक्षण र सम्वर्धन गर्ने।

घ. हलेसी तुवाचुङ नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रको चल अचल सम्पत्तिको संभार संरक्षण र सम्वर्धन गर्ने।

ङ. हलेसी महादेव मन्दिर लगायत हलेसी तुवाचुङ भित्र रहेका सबै मठ-मन्दिरहरुमा परम्परागत रितिस्थिति बमोजिम चलिआएको पूजाआजा, सांस्कृतिक चाडपर्व, महोत्सव, उत्सव तथा सामाजिक र लोक कल्याणकारी कार्य संचालनको व्यवस्था मिलाउने ।

च. स्वदेश तथा विदेशका तिर्थयात्रीहरु तथा पर्यटन समेतको सुविधाको लागि यस पवित्र तिर्थस्थललाई यथोचित रुपमा योजनाबद्ध रुपले सुधार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकीय धार्मिक तीर्थस्थलको रुपमा विकास गर्ने ।

छ. हलेसी महादेव मन्दिर लगायत हलेसी तुवाचुङ भित्र रहेका मठ मन्दिरहरुमा प्राप्त हुने दान, उपहार, भेटी, चन्दा लगायतका प्राप्तिहरुलाई सुव्यवस्थित गर्ने ।

ज. यस क्षेत्रको सर्वोपरी विकास गर्न शिक्षा क्षेत्रलाई बढी प्राथमिकता दिई विकास तथा गतिविधि गर्ने ।

झ. नैतिक, धार्मिक, सामाजिक शिक्षाको लागि सचेतनामुलक गतिविधि गर्ने ।

ञ. हलेसी तुवाचुङ भित्रको वन, बुट्यान, रूख, विरूवाहरूको संरक्षण र सम्वर्धन गर्न वन ऐन बमोजिमको आधिकारिक निकायसँग समन्वय गरि धार्मिक वनको रूपमा स्थापना, विकास गरि सञ्चालन गर्ने ।

## परिच्छेद-३
## समिति

**४. समित गठन, पदावधि, पदपुर्ति, योग्यता, राजीनामा**

(१) हलेसी तुवाचुङ संरक्षण तथा व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) नगर प्रमुखकोको प्रस्तावमा कार्यपालिकाले स्विकृत गर्ने नगर कार्यापालिका सदस्य मध्येको मनोनित व्यक्ति -संयोजक

(ख) स्थानीयवासीबाट नगरपालिकाको नगर प्रमुखले मनोनित गरेको १ महिला सहित ३ जना -सदस्य

(ग) व्यवसायीहरु मध्येबाट नगरपालिकाको नगर प्रमुखले मनोनित गरेको १ महिला सहित २ जना -सदस्य

(घ) हलेसी तुवाचुङ नगरपालिका भित्र कार्यरत गैह्रसरकारी संस्थाका पदाधिकारी सदस्यहरु मध्येबाट हलेसी तुवाचुङ नगरपालिकाको नगर प्रमुख ले मनोनित गरेको २ जना-सदस्य

(ङ) हलेसी तुवाचुङ नगरपालिका भित्रका माध्यमिक विद्यालयहरुमा सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरु मध्येबाट हलेसी तुवाचुङ नगरपालिकाको नगर प्रमुख ले मनोनित गरेको १ जना -सदस्य

(च) हलेसी तुवाचुङ भित्रका मन्दिरलाई चन्दा दिने चन्दादाताहरु मध्येबाट हलेसी तुवाचुङ नगरपालिकाको नगर प्रमुखले मनोनित गरेको २ जना -सदस्य

(छ) हलेसी तुवाचुङ नगरपालिका सबै वडाहरू बाट एक / एक जनाको दरले सामाजिक क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको २ महिला सहित ६ जना - सदस्य

(ज) हलेसी तुवाचुङ नगर कार्यपालिकाको बैठकले मनोनित गरेको व्यक्ति -कोषाध्यक्ष

(झ) हलेसी तुवाचुङ नगर कार्यापालिकाको बैठकले मनोनित गरेको व्यक्ति -सचिव

(ञ) हलेसी तुवाचुङ नगरपालिकाका नगर प्रमुख -संरक्षक

(२) दफा ४ (१) (घ) (ङ) (च) बमोजिम नगर प्रमुख ले सदस्य मनोनयन गर्दा कम्तिमा ३३ प्रतिशत महिला पर्ने गरि मनोनयन गर्नुपर्नेछ ।

(३) दफा ४(१) (ज) बमोजिम हलेसी तुवाचुङ नगर कार्यपालिकाको बैठकले कोषाध्यक्षको मनोनयन गर्दा निजको योग्यता कम्तिमा बाह्र कक्षा उतिर्ण गरेको र लेखा शास्त्रको ज्ञान भएको हुनु पर्नेछ ।

(४) दफा ४ (१) (झ) बमोजिम हलेसी तुवाचुङ नगर कार्यपालिकाको बैठकले सदस्य सचिवको मनोनयन गर्दा निजको योग्यता कम्तिमा बाह कक्षा उतिर्ण गरेको र कार्यालय व्यवस्थापनको ज्ञान भएको हुनु पर्नेछ ।

(५) हलेसी महादेवस्थान मन्दिरको मूल पूजारी समितिमा पदेन सदस्य रहने छ।

**५. <u>पदावधिः</u>**

(१) मनोनीत पदाधिकारी र सदस्यहरुको पदावधी २ बर्षको हुनेछ, निजहरु पुनः मनोनित हुन सक्नेछन् ।

(२) मनोनित पदाधिकारी र सदस्यहरुको पदावधी नसकिदै कुनै पनि कारणले रिक्त हुन आएमा बाँकी अवधिको लागि अर्को पदाधिकारी / सदस्य मनोनित हुनेछ ।

(३) प्रचलित कानून विपरित कार्य गर्ने/गराउने अथवा आफु भन्दा माथिल्लो निकायको निर्देशन अवज्ञा गर्ने; त्यसो नगर्न सचेत गराउँदा पनि गल्ति दोहोर्याउने कुनै पनि पदाधिकारी/सदस्यलाई संरक्षकले पद मुक्त गर्न सक्नेछ ।

**६. <u>योग्यताः</u>**

(१) दफा ४ (३) (४) को अतिरिक्त समितिमा पदाधिकारी तथा सदस्य मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनपर्नेछः

(क) २२ बर्ष उमेर पुगेको र सामाजिक/धार्मिक क्षेत्रमा योगदान पुर्याई रहेको हलेसी तुवाचुङ नगरपालिकाका निवासी नेपाली नागरिक ।

(ख) समितिको सञ्चालन तथा व्यवस्थापनमा योगदान पुर्याउन सक्ने ।

(ग) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति ।

(घ) मानसिक सन्तुलन नगुमाएको व्यक्ति ।

(ङ) बैंक तथा वित्तीय संस्थाको कालो सूचिमा नपरेको व्यक्ति ।

(च) नगरपालिकामा बुझाउनु पर्ने कर दस्तुर / बांकी बक्यौता चुक्ता बुझाएको ।

**<u>७. राजिनामाः</u>**

मनोनित पदाधिकारी वा सदस्यले कुनै कारणबाट आफ्नो पदबाट राजीनामा दिन चाहेमा संयोजकको सिफारिसमा संरक्षक समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।

## <u>परिच्छेद-४</u>

## समितिको काम, कर्तव्य र अधिकार

**८. <u>समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः</u>**

(क) यस ऐनको परिच्छेद-२ दफा ३ मा उल्लेखित समितिको उद्देश्य हासिल गर्नका लागि हलेसी तुवाचुङ धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा व्यवस्थापनको विकास, संरक्षण र सम्वर्धन गर्नका लगि वार्षिक तथा आवधिक योजना तयार गर्न नगरपालिका संग दोहोरो छलफल गरि राय सुझाव नगरपालिका नगर प्रमुख समक्ष पेश गरि नगरसभाबाट स्वीकृत भए पश्चात कार्यन्वयन गर्ने।

(ख) प्रचलित नेपाल कानून र नेपाल सरकार, प्रदेश सरकार र हलेसी तुवाचुङ नगरपालिकाबाट जारी भएको बातावरण तथा हलेसी तुवाचुङ को विकास, संरक्षण सम्बन्धी मापदण्डहरुको आधारमा हलेसी तुवाचुङ को संरक्षण लागि आवश्यक पर्ने नीति, निर्देशिका मापदण्ड तयार गरि अनुमोदनको लागि हलेसी तुवाचुङ नगर कार्यपालिका समक्ष पेश गर्ने, अनुमोदन भई आएपछि कार्यन्वयन गर्ने।

(ग) वातावरण संरक्षण सँग सम्बन्धित तालिम, प्रशिक्षण, कार्यशाला गोष्ठीको आयोजना गर्ने।

(घ) वातावरण संरक्षण सम्बन्धी प्रचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरु गर्ने।

(ङ) समय समयमा वडा कार्यालय र नगरपालिका कार्यालय सँग समन्वय गरी वातावरण संरक्षण सँग सम्बन्धित कार्यक्रमहरु आयोजना गर्ने।

(च) नगरपालिका तथा अन्य संघसंस्थासँग समन्वय र सहकार्य गर्ने ।

(छ) समितिको जिम्मामा रहेको भौतिक सम्पत्ति, उपकरण, पुस्तकालय/अभिलेखको संरक्षण तथा उचित उपयोग गर्ने।

(ज) समितिको कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन, अनुगमन, रेखदेख र नियन्त्रण गर्ने।

(झ) समितिको कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन सहित अर्ध वार्षिक रुपमा नगरपालिकालाई प्रतिवेदन बुझाउने ।

(ञ) समितिलाई आवश्यक पर्ने जनशक्ति (प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु) नगरपालिका समक्ष माग गर्ने।

(ट) समितिको कर्मचारीहरुको सेवा शर्त र सुविधा, पुजारी व्यवस्थापन, आर्थिक गतिविधि लगायत अन्य हलेसी तुवाचुङ नगरपालिकाबाट निर्माण गरिएको नियम, विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड कार्यान्वयन गर्ने वा गर्न लगाउने ।

(ठ) समितिलाई आवश्यक औजार, उपकरण, फर्निचर तथा अन्य उपकरणहरु नगरपालिका समक्ष माग गर्ने।

(ड) लेखा तथा जिन्सि श्रेस्ता प्रचलित कानून बमोजिम स्वीकृत ढाँचा, अनुसूचीमा राख्न लगाउने।

(ढ) नगरपालिकाले नियुक्ति गरेको लेखा परिक्षकबाट लेखा परिक्षण गराई प्रतिवेदन नगरपालिका समक्ष पठाउने ।

(ण) हलेसी तुवाचुङ भित्रका धार्मिक तथा पर्यटकिय क्षेत्र भित्रका भौतिक निर्माणको अनुगमन तथा सुपरिवेक्षण गर्ने।

(त) हलेसी महादेव मन्दिर लगायत हलेसी तुवाचुङ भित्र रहेका मठ मन्दिरहरुमा प्राप्त हुने दान, उपहार, भेटी, चन्दा लगायतका प्राप्तिहरुलाई सुव्यवस्थित गर्न तथा मुल पुजारी र अन्य पुजारीहरुको व्यवस्थापन नगरपालिकाबाट स्वीकृत विनियम अनुसार गर्ने/गराउने ।

(थ) हलेसी महादेव मन्दिर र हलेसी तुवाचुङ नगरपालिका भित्र रहेको यस सँग सम्बन्धित सबै प्रकारका घर, जग्गा, मठ, मन्दिर, देवालय, सत्तल, पाटी, पौवा, वनजंगल समेतको संरक्षण गर्ने व्यवस्था मिलाउने ।

(द) समितिको उद्देश्य परिपुर्तिका लागि नेपाल भित्र वा वाहिर आवश्यकता अनुसार विभिन्न उप-समितिहरु, कार्यदलहरु गठन गर्ने।

(ध) खानेपानी, ढल निकास, बिजुली, टेलिफोन, सडक आदि जस्ता आधारभुत सार्वजनिक उपयोगिताका साधनहरु सुव्यवस्थित गर्ने र फोहोरमैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एंव प्रभावकारी कार्यविधि अपनाउने ।

(न) तीर्थालु, भक्तजन तथा सर्वसाधारणले हलेसी तुवाचुङ नगरपालिका भित्र अवलम्बन गर्नु पर्ने आचारसंहिता जारी गरि, नगर कार्यपालिकाबाट स्वीकृत गराई लागु गर्ने।

(प) हलेसी तुवाचुङ नगरपालिका भित्रका धार्मिक तथा पर्यटकिय क्षेत्र क्षेत्र भित्र निर्माण गरिने मन्दिर पाटि, पौवाको मापदण्ड तयार गरि पारित गरी हलेसी तुवाचुङ नगरपालिकाबाट स्विकृत गराई कार्यान्वयन गर्ने ।

(फ) समितिको उद्देश्य हासिल गर्नकालागि आवश्यक पर्ने विनियम, निर्देशिका पारित गरि लागु गर्ने।

(ब) संरक्षण क्षेत्रसँग सम्बन्धित अन्य विविध कार्यहरु गर्ने गराउने ।

भ) बिशेष धार्मिक कार्यक्रमबाट प्राप्त स्रोतहरुलाई नगरपालिकाको समन्वयमा परिचालन गर्ने ।

९. <u>समितिको काम, कर्तव्य र अधिकार:</u>

समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

**क. संयोजकको काम कर्तव्य र अधिकार**

१) समितिको नेतृत्व गर्ने।

२) समितिको बैठकको अध्यक्षता प्रमुखले गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकी मत बराबर भएमा निर्णायक मत दिने ।

३) सचिवलाई बैठकमा बोलाउन आदेश दिने ।

४) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने

५) बैठकका निर्णय प्रमाणित गर्ने, निर्णय कार्यान्वयन गर्ने गराउने ।

६) नगरपालिकाका सँग सम्पर्क र समन्वय गर्ने।

७) समितिको कोषको खाता कोषाध्यक्षसँग संचालन गर्ने।

८) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने।

९) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारि तोक्ने ।

१०) आवश्यकता तथा औचित्यका आधारमा बैठकमा विज्ञ तथा अन्य व्यक्ति आमन्त्रण गर्ने।

११) समितिले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने।

**ख. सचिवको काम, कर्तव्य र अधिकार**

१. समितिको प्रशासकीय प्रमुखको हौसियतमा काम गर्ने।

२. संयोजकको परामर्शमा समितिको बैठक बोलाउने ।

३. बैठकको निर्णय उतार गरी संयोजकलाई प्रमाणित गराई बैठक पुस्तिका सुरक्षित राख्न लगाउने ।

४. कर्मचारीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने।

५. समितिको तर्फबाट गर्नु पर्ने सम्पूर्ण प्रशासनिक कार्यहरु गर्ने गराउने ।

६. समिति तथा संयोजकले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

**ग. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

१. समितिको सम्पुर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने गराउने।

२. समितिको कोष संचालन गर्ने ।

३. समितिको नाममा रहेको बैंक खाता संयोजकसँग संयुक्त रुपमा संचालन गर्ने।

४. कानुन बमोजिम आर्थिक कारोबारको श्रेस्ता राख्ने, राख्न लागाउने ।

५. नगरपालिकाले तोकेको लेखापरिक्षकबाट कोषको आय व्ययको लेखापरिक्षण गराउने र प्राप्त भएको बेरुजु फछ्यौट गर्ने।

६. समितिको बैठकमा आर्थिक योजना पेश गर्ने र कार्यन्वयन गर्ने गराउने ।

७. समिति तथा संयोजकले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

**घ. सदस्यको काम, कर्तव्य र अधिकार**

१. संयोजक तथा समितिलाइ सहयोग गर्ने

२. समितिको बैठकमा सहभागि हुने ।

३. समिति बाट संयोजकले तोकेको अन्य कार्यहरु गर्ने।

४. समितिबाट अधिकार प्रत्यायोजन भए बमोजिमका अन्य कार्यहरु सम्पादन गर्ने।

**ङ. संरक्षकको काम कर्तव्य र अधिकार**

(१) ऐनको दफा ३ मा वर्णित समितिको उद्धेश्यहरू हासिल गर्न सक्ने वातावरण सृजना गर्नु पर्ने दायित्व / कर्तव्य संरक्षकको हुनेछ ।
(२) ऐनको दफा ३ मा वर्णित समितिको उद्धेश्यहरू हासिल गर्ने प्रयोजनका लागि ऐनमा तोकिए बाहेकको अवशिष्ट अधिकार समेत संरक्षकमा रहने छ ।

## परिच्छेद-५

## बैठक, गणपुरक संख्या, समितिको कोष संचालन प्रणाली

**१०. समितिको बैठक देहाय बमोजिम संचालन हुनेछः**

क. समितिको बैठक कम्तिमा महिनामा एक पटक र आवश्यकता बमोजिम हुनेछ ।
ख. बैठकको गणपुरक संख्या पुग्न ५१ प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ ।
ग. गणपुरक संख्या नपुगी स्थगित भएको बैठक एक दिन पछि बस्नेछ र सो बैठकमा उपस्थित संख्या नै गणपुरक संख्या पुगेको मानिनेछ ।
घ. बैठकमा संयोजकले प्रस्ताव गरेको बिषयमा मात्र छलफल र निर्णय हुनेछ ।
ङ. बैठकमा कुनै सदस्यले प्रस्ताव पेश गर्नु पर्दा संयोजकले स्वीकृति दिएपछि मात्र पेश गर्न सकिनेछ ।
च. बैठकमा निर्णय सकभर सर्वसम्मतिबाट गरिनेछ तर सर्वसम्मतिबाट निर्णय हुन नसके बहुमतबाट निर्णय गरिनेछ ।
छ. संयोजकले निर्धारण गरेको मिति समय र स्थानमा संयोजकको निर्देशनमा सचिवले समितिको बैठक बोलाउनेछ ।
ज. बैठकको अध्यक्षता संयोजकले गर्नेछ, संयोजकको अनुपस्थिति भएमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।
झ. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ, सदस्यहरुको मत पक्ष र विपक्षमा बराबर भएमा बैठकको प्रमुखको मत निर्णायक हुनेछ ।
ण. बैठकका सहभागीहरुलाई बजेटको परिधिभित्र रही तोकिए बमोजिमको बैठक भत्ताको व्यवस्था हुनेछ ।
ट. यस दफामा लेखिए बाहेक बैठकको कार्यविधिले तोकिए बमोजिम हुनेछ ।

**११. समितिको आय व्यय संचालन गर्न देहाय बमोजिम कोष र संचालन प्रणाली हुनेछः**

क. समितिका लागि प्राप्त हुने सम्पुर्ण रकम समितिको नाममा रहेको बैंक खातामा जम्मा गरेर मात्र खर्च गरिनेछ ।
ख. समितिको कोष देहाय बमोजिम रकम प्राप्त हुनेछः
१. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त अनुदान रकम ।
२. नगरपालिकाले सशर्त अनुदान स्वरुप वार्षिक बजेटका रुपमा उपलब्ध गराउने रकम ।
३. दान, दातव्य अनुदान सहयोगबाट प्राप्त हुने रकम ।
४. समितिले गरेको उत्पादन गरेको उपजबाट प्राप्त रकम ।
५. अन्य अनुदान तथा सहयोग रकम ।
ग. हलेसी तुवाचुङ भित्रका मन्दिरहरुमा भक्तजनहरुले चढाएको भेटीपाती वापतको नगद तथा जिन्सी सामाग्रीहरुको तोकिएको प्रकृया बमोजिम अभिलेखिकरण गरि सत प्रतिशत नगरपालिकामा दाखिला गर्नुपर्नेछ ।
घ. समितिको व्यवस्थापकिय खर्च, मसलन्द, आदि खर्च शसर्त बजेटको रुपमा समितिलाई निकासा गरिनेछ ।
ङ. भौतिक निर्माण कार्यको बजेट सार्वजनिक खरिद ऐन बमोजिम गरिनेछ ।
च. चन्दादाताले नै गुरुयोजना भित्रको योजना छनौट गरी नगद लगानी गर्न चाहेमा सो बजेट समितिकै खाताबाट संचालन गर्न सकिनेछ वा दाता स्वयम आफैले निर्माण गरि संरचना हस्तान्तरण गर्न सक्ने छ । यसरी चन्दादाताले नै गुरुयोजना भित्रको योजना छनौट गरी नगद जम्मा गरी गर्ने योजना स्वीकृत कार्यक्रम कै रुपमा मानिनेछ ।
छ. कोष संचालन प्रचलित लेखा प्रणालीबाट गर्नुपर्ने छ ।
ज. आर्थिक वर्ष नगरपालिकाको आर्थिक बर्ष अनुसार हुनेछ ।
झ. समितिको कोष संचालनका लागि बैंकमा खाता खोली संयोजक वा कोषाध्यक्ष र लेखापाल मध्ये २ जनाको

संयुक्त दस्ताखतबाट संचालन गरिनेछ ।

ञ. आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगरपालिकाले तोकेको लेखा परिक्षकबाट लेखापरीक्षण गराई नगरपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद-६

## कार्यालय, कर्मचारी व्यवस्था, पूजारी तथा पूजा व्यवस्था र छापः

**१२. कार्यालय रहने स्थान र कार्यालय संचालनः**

क) हलेसी तुवाचुङ नगरपालिकाले तोकेको वडामा समितिको कार्यालय रहनेछ। नेपाल सरकारको सरकारी कार्यालय संचालन हुने समय बमोजिम समितिको कार्यालय संचालन हुने छ।

ख) समितिलाई आवश्यक पर्ने भवन, फर्निचर, स्टेशनरी समेतको व्यवस्था नगरपालिकाले गर्नेछ ।

ग) हलेसी तुवाचुङ नगरपालिका भित्र भएका मन्दिर, गुम्बा, थान, फलैचा चौतारा, सडकको जिर्णोद्वार, मर्मत तथा नयाँ मन्दिर, पोखरी, साकेला, गुम्बा, थान, फलैचा चौतारा, सडकको निर्माण समेतको व्यवस्था नगरपालिकाले गर्नेछ ।

**१३. कर्मचारी तथा पूजारी व्यवस्थापनः**

(१) समितिलाई आवश्यक कर्मचारीको व्यवस्था नगरपालिकाले गर्नेछ र कर्मचारीको आर्थिक दायित्व नगरपालिकाले उपलब्ध गराएको नगरपालिका शसर्त बजेटबाट समिति आफैले व्यवस्थापन गर्नुपर्नेछ । यसरी उपलब्ध गराएको बजेट अपुग भएमा समितिले निर्णय गरी नगरपालिका समक्ष थप बजेट माग गर्न सकिनेछ ।

(२) कर्मचारीहरूको सेवा, शर्त, सुविधा, अनुशासन, आचरण, दण्ड सजाय, विदा, काज स्वीकृत, पुरस्कारको व्यबस्था प्रचलित संघीय कानुन तथा हलेसी तुवाचुङ नगरपालिकाले बनाएको कानुन बमोजिम हुनेछ ।

३) हलेसी महादेव मन्दिर क्षेत्रभित्रका मन्दिर, गुम्बा, थान लगायतका धार्मिक आस्थाका केन्द्रहरूका, पूजारी, लामा, गुरू, लगायतको व्यवस्था समितिले गर्नेछ र पूजारी, लामा, गुरू, लगायतको आर्थिक दायित्व नगरपालिकाले उपलब्ध गराएको नगरपालिका शसर्त बजेटबाट समिति आफैले व्यवस्थापन गर्नुपर्नेछ । यसरी उपलब्ध गराएको बजेट अपुग भएमा समितिले निर्णय गरी नगरपालिका समक्ष थप बजेट माग गर्न सकिनेछ ।

**१४. निर्देशिका र आचरसंहिताः-**

क) समितिको कर्मचारी र पुजारीको व्यवस्थापनका लागि नगरपालिकाले कर्मचारी। पुजारी व्यवस्थापन सम्बन्धी निर्देशिका र आचारसंहिता तयार गरी लागु गर्नेछ ।

ख) पूजा विधि व्यबस्थापनका लागि समितिले मूल पूजारी समेत सबै पूजारीहरु संलग्न गरि एक कार्यदल गठन गर्नेछ।

ग) सो कार्दलले निर्धारण गरको पूजा विधि समितिको बैठकले स्वीकृत गरि लागु गर्नेछ ।

घ) सचिवको मातहतः समितिको कर्मचारी सचिवको मातहतमा रहनेछ ।

## परिच्छेद-८

## विविध

(क) यस ऐन संशोधन गर्न आवश्यक भएमा ऐनको संशोधन प्रस्ताव समितिले तयार गरी संरक्षक समक्ष सुझाव पेश गर्नु पर्नेछ ।

(ख) ऐनको संशोधन प्रस्ताव संरक्षकले आवश्यक प्रकृया पुरा गरि नगरसभामा पेश गरी नगरसभाले पारित गरे पछि मात्र संशोधन भइ कार्यान्वयन हुनेछ ।

(ग) यस ऐनमा उल्लेखित विषयमा अस्पष्टता भए वा विवाद भई निरुपण हुन नसके सो विषयमा नगर कार्यापालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(घ) आवश्यकता अनुसार नगरपालिकाले आवश्यक प्रक्रिया पुरा गरि संशोधन गर्न सक्नेछ ।

छ) बाधा अड्काउ फुकाउने वा व्याख्या गर्ने अधिकारः

(क) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै अन्यौल भएमा बाधा अड्काउ फुकुवा वा व्याख्या गर्ने अधिकार नगर कार्यपालिकाको बैठकलाई हुनेछ ।

ज) खारेजी र बचाउः

(क) हलेसी तुवाचुङ  विकास कोष परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ खारेज गरिएको छ। सो कार्यविधि बमोजिम यस अघि भए गरेका कामहरु यसै ऐन बमोजिम गरिएको मानिनेछ ।

**आज्ञाले**

कैलाश बहादुर ठकुराठी

प्रमुख प्रशासकीय अधिकृत